गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना
**आयोजना कार्यान्वयन एकाइ, गण्डकी प्रदेश**

सूचना नंः ३ (२०८३/८४)

प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०४/२०

## निजी फलफूल नर्सरी सूचीकरणका लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना ।

यस आयोजनाको स्वीकृत **"फलफूल बिरुवा उत्पादन तथा व्यवस्थापन प्राविधिक मापदण्ड सम्बन्धी मार्गदर्शन, २०८१"** अनुसार लक्षित फलफूल बालीहरूको बगैंचा स्थापनार्थ गुणस्तरीय फलफूल बिरुवा उत्पादनको माग र आपूर्तिलाई व्यवस्थित गर्न प्रचलित कानुन बमोजिम दर्ता भई आयोजना लक्षित फलफूलका बिरुवाहरूको उत्पादन तथा बिक्री वितरण गर्दै आइरहेका नर्सरीहरूले तपसिल बमोजिमका कागजातहरू संलग्न राखी सूचना प्रकाशित भएको मितिले ६० (साठी) दिनभित्र यस कार्यान्वयन एकाइमा आवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।
साथै गत आ.व. २०८२/८३ मा सूचीकृत भएका निजी फलफूल नर्सरीहरूले समेत पुनः सूचीकृत हुनुपर्ने बेहोरा जानकारी गराइन्छ।

आवेदन पेस गर्दा संलग्न गर्नुपर्ने कागजातहरू:

१) अनुसूची-३ बमोजिमको निजी नर्सरी सूचीकरण सम्बन्धी निवेदन फाराम ।
२) नर्सरी दर्ता, नवीकरण, करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।
३) नर्सरी धनीको नागरिकताको प्रतिलिपि ।
४) नर्सरी रहेको जग्गाको लालपुर्जाको प्रतिलिपि ।
५) प्रतिवद्धता तथा स्वघोषणा ।

नोटः अन्य जानकारीका लागि आयोजना कार्यान्वयन एकाइ, गण्डकी प्रदेश, पोखरा वा सम्बन्धित स्थानीय तहको कृषि शाखा वा आयोजना कार्यान्वयन एकाइको सम्पर्क नं ०६१-५४३८९५ वा सूचना अधिकारीको सम्पर्क नम्बर ९८५६००८५६६/९८४६२८८२३९ वा ईमेल ठेगाना piugandaki.nafha@gmail.com मा सम्पर्क गर्न सकिनेछ। साथै यस एकाइको वेबसाइट www.gandaki.nafha.gov.np मार्फत "फलफूल बिरुवा उत्पादन तथा व्यवस्थापन प्राविधिक मापदण्ड सम्बन्धी मार्गदर्शन, २०८१" अनुसारका अनुसूची तथा फारमहरू प्राप्त गर्न सकिनेछ ।

प्रादेशिक आयोजना व्यवस्थापक